# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः ४४** **कार्यपालिकाबाट पारित मितिः २०७९।१२।२६**

**प्रमाणिकरणः२०७९।१२।२८**

**प्रकाशन मितिः २०७९।१२।२८**

## भाग-२

## ठाकुरबाबा नगरपालिका


### ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाका खानेपानी, सरसफाइ र स्वच्छता (वास) संरचनाहरुको मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९

**प्रस्तावना :**

ठाकुरबाबा नगरपालिकाले सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाहरुमा बनेका खानेपानी, सरसफाइ, स्वच्छता, फोहोर व्यवस्थापनका संरचना एवम् प्रयोगमा रहेका औजार तथा उपकरणहरु विग्रिएमा तत्काल मर्मत सम्भार गरी सञ्चालनमा ल्याएर मापदण्ड अनुरुपको स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराउन आवश्यक भएकोले ठाकुरबाबा नगर स्वास्थ्य सेवा ऐन, २०७६ को दफा ४७ (२) ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगर कार्यपालिकाले यो कार्यविधि पारित गरी जारी गरेको छ ।

#### परिच्छेद १

#### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाका खानेपानी, सरसफाइ र स्वच्छता (वास) संरचनाहरुको मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९"** रहेको छ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **"ऐन"** भन्नाले ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य ऐन २०७७ लाई सम्झनु पर्दछ ।

ख) **"कार्यपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **"सञ्चालन तथा व्यवस्थापन समिति"** भन्नाले ठाकुरबाबा नगरपालिका स्वास्थ्य सेवा ऐन २०७७ को दफा १६ अनुसार गठन भएका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

च) **"स्वास्थ्य संस्था"** भन्नाले ठाकुरबाबा नगरपालिकाको मातहतमा सञ्चालनमा रहेका तथा भविष्यमा सञ्चालनमा आउने आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, र नगर अस्पताललाई सम्झनु पर्दछ ।

छ) **"वास सुधार समिति"** भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सुधारका लागि प्रत्येक स्वास्थ्य संस्थाहरुमा गठित समितिलाई सम्झनु पर्दछ ।

ज) **"मर्मत सम्भार कोष"** भन्नाले प्रत्येक स्वास्थ्य संस्थाहरुमा रहेका खानेपानी, सरसफाई, हातको स्वच्छता, फोहोर व्यवस्थापनका संरचना र व्यस्थापन सुधारका लागि स्थापना भएको मर्मत सम्भार कोषलाई जनाउँछ ।

(झ) **"साझेदार"** भन्नाले स्वास्थ्य संस्थामा वास सुधारका लागि सहयोग गर्ने गैर सरकारी संघसंस्था, विदेशी सरकार, सहकारी एवम् वित्तीय संस्थाहरू आदि जनाउने छं ।

## परिच्छेद २
## कोषको स्थापना, उद्देश्य र प्रयोग

**३. कोषको स्थापनाः** (१) नगरपालिका क्षेत्र भित्रका सरकारी स्वास्थ्य संस्थालाई गतिशिल बनाउन निर्माण एवम् जडान गरिएका खानेपानी, सरसफाइ, स्वच्छता, फोहोर व्यवस्थापनका संरचनाहरु तथा गुणस्तरीय सेवा प्रदान गर्न प्रयोगमा रहेका औजारहरु तथा उपकरणहरुको नियमित मर्मत सम्भार गरी पुनः प्रयोगमा ल्याउने बनाउन पालिका र सम्बन्धित स्वास्थ्य संस्थाहरुमा एक मर्मत सम्भार कोष रहने छ ।

(२) कोषको आय रकम सङ्कलन तथा व्यय रकम परिचालनका लागि नजिकको बैंक छुट्टै खाता खोलिनेछ ।

(३) कोषको आम्दानी अन्तरगत यस कार्यविधिको दफा ५ बमोजिम कोषमा जम्मा हुने गरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको बैंकले कोषको रकममा उपलब्ध गराएको ब्याज र दफा ६ बमोजिम प्राप्त भएका/हुने सामग्री, औजार तथा उपकरणहरुको प्रचलित मूल्य समेतलाई जनाउँनेछ ।

तर बस्तुगत सामग्री, औजार तथा उपकरणहरुको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने
छैन ।

(४) यस कार्यबिधिको दफा ६ बमोजिम कोषको नाममा प्राप्त हुन आउने बस्तुगत सामग्री, औजार तथा उपकरणहरुको छुट्टै मौज्दात किताब खडा गरी अभिलेख राखिनेछ ।

**४. कोषको उद्देश्यः** यस कोषको उद्देश्य देहायवमोजिम रहेको छ :

(१) स्वास्थ्य संस्थामा रहेका खानेपानी, सरसफाइ, स्वच्छता र फोहोर व्यवस्थापनका संरचनाहरु बिग्रिएमा तत्काल मर्मत सम्भार गर्ने र पुनः सञ्चालनमा ल्याउने ।

(२) स्वास्थ्य संस्थामा रहेका औजार तथा उपकरण (मेसिन समेत) हरु बिग्रिएमा तत्काल मर्मत सम्भार गर्ने र पुनः सञ्चालनमा ल्याउने ।

(३) पटक पटक मर्मत सम्भार गर्दा पनि कार्य नगर्ने खानेपानी, सरसफाइ, स्वच्छता, फोहोर व्यवस्थापनका संरचनाहरु, औजार तथा उपकरणहरुको सट्टामा नयाँ संरचना बनाउने तथा नयाँ औजार उपकरण खरिद गर्ने ।

**५. कोषको आम्दानीः** (१) कोषमा देहाय बमोजिमका रकमहरु आम्दानीको रुपमा जम्मा हुनेछ :

(क) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले निर्णय गरेर जम्मा हुने रकम,

(ख) वडा समितिले निर्णय गरेर जम्मा हुने रकम,

(ग) वडा र पालिकाको बार्षिक बजेटमार्फत मर्मत सम्भार कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(घ) नगर सभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम मर्मत सम्भार कोषमा जम्मा हुने गरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम,

(ङ) नगर सभा सदस्य, नगर कार्यपालिका सदस्य तथा नगरपालिकाका कर्मचारीहरूको स्वेच्छिक निर्णयबाट प्राप्त हुने रकम,

(च) विभिन्न स्वदेशी सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

(छ) गैरआवासीय नेपाली, सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम,

(ज) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज आय,

(झ) दफा ६ को उपदफा (३) बमोजिम वस्तुगत सहयोग सामाग्रीको बिक्रीबाट प्राप्त आय,

(ञ) प्रचलित कानूनको अधिनमा रहि कोषमा जम्मा हुनेगरी अन्यकुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा (९) को उपदफा (२) र (३) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गर्न वा सम्बन्धित स्वास्थ्य संस्थामा वा नगरपालिकामा नगद जम्मा गर्न सक्नेछ। त्यसरी नगद जम्मा हुन आएमा स्वास्थ्य संस्था र पालिकाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहयोग रकम सम्बन्धी जानकारी समितिको अर्को महिनाको बैठकमा जानकारी गराउनु पर्नेछ ।

तर कुनै व्यक्ति वा संस्थाले सहयोग उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी नगद वा सामग्रीको विवरण समितिको बैठकमा पेश गर्न बाधा पर्ने छैन ।

६. **बस्तुगत सामग्री, औजार तथा उपरकणः** (१) यस कार्यविधि बमोजिम पालिका वा स्वास्थ्य संस्था तहको मर्मत सम्भार कोषका लागि सहयोग गर्ने उद्देश्यले कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सामग्री, औजार तथा उपरकण प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री खानेपानी, सरसफाइ, स्वच्छता र फोहोर व्यवस्थापनका संरचनाहरु, औजार र उपकरणहरुको मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन वा नयाँ जडान गर्न उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहयोग स्वीकार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहयोग सामाग्रीलाई स्वास्थ्य संस्था र पालिकाले अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख राखिनेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सामाग्रीको साथमा प्राप्त हुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मूल्यलाई जनाउँनेछ । यदि त्यस्तो मूल्यबिना नै वस्तुगत सामाग्री प्राप्त हुन आएको रहेछ भने त्यस्तो वस्तुगत सामाग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिनेछ । सो पनि नभएमा त्यसरी प्राप्त सामाग्रीको लागि समितिले उचित ठहऱ्याएको मूल्याङ्कनलाई कोषको मूल्याङ्कन गर्ने प्रयोजनार्थ आधारको रूपमा लिईनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निर्णयले त्यस्तो सामाग्रीलाई प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी प्राप्त आय रकमलाई दफा ३ को उपदफा (२) बमोजिमको कोषको खातामा जम्मा गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहयोग खानेपानी, सरसफाइ, स्वच्छता र फोहोर व्यवस्थापनका संरचनाहरु, औजार र उपकरणहरुको मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन वा नयाँ जडान गर्न उपयोग हुने नदेखिएमा त्यस्तो वस्तुगत सहयोग अस्वीकार गर्न सक्नेछ ।

(५) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सामाग्री, औजार तथा उपकरण प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई समितिले अस्वीकार गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिम प्राप्त सामाग्री, औजार तथा उपकरण उपदफा (४) वा (५) बमोजिम अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्ति र स्वीकारोक्तिको भर्पाई उपलब्ध गराउनु पर्नेछ ।

७. **कोषको प्रयोगः** (१) यस कोषमा जम्मा भएको रकम खर्च गर्न पालिका स्तरमा पालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति, स्वास्थ्य संस्था तहमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र वास सुधार समितिले निर्णय गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्था तहमा स्थापित कोषबाट रकम खर्च गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्था तहमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र वास सुधार समितिले निर्णय गर्नु पर्नेछ भने पालिका तहको कोषबाट रकम खर्च गर्नु पूर्ब पालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले निर्णय गर्नु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाको वास सुधार समितिले एक पटकमा संरचना, औजार तथा उपकरण मर्मत गर्न लाग्ने बढीमा पाँचहजारसम्म खर्च गर्ने निर्णय गरेर कोषको रकम परिचालन गर्न सक्नेछ ।

(४) स्वास्थ्य संस्थाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्राबिधिकको सहयोगमा मर्मत सम्भारमा लाग्ने रकम अनुमान गर्न लगाइ बजार मूल्यअनुरुप भएको एकिन गरेर बढीमा एक लाखसम्म खर्च गर्ने गरेर कोषको रकम परिचालन गर्न सक्नेछ ।

(५) पालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले पालिका भित्रका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अनुरोध प्राप्त भएपश्चात प्राबिधिकबाट जाँच गराइ एक लाख भन्दा बढी मर्मत सम्भारमा लाग्ने प्रतिवेदन वा सिफारिसका आधारमा कोषको रकम परिचालन गर्न सक्नेछ ।

(६) स्वास्थ्य संस्थाहरुमा आवश्यक मर्मत सम्भारका कार्यहरु छिटोछरितो गराउने डिजिटल प्रणाली विकासमा पालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले निर्णय गरेर खर्च गर्न सकिने छ ।

(७) कुनै प्रकोपका कारण सिर्जना भएको आपत्कालीन अवस्थामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षसँगको सल्लाहमा स्वास्थ्य संस्थाका इन्चार्जले कोषको रकम खर्च गर्न सक्नेछन् । यसरी खर्च गरिएको रकम निकट भविष्यमा हुने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(८) कोषमा जम्मा भएको रकम तथा सामग्री देहाय बमोजिमका कार्यमा खर्च गरिनेछः

(क) वास संरचनाहरुको मर्मत सम्भार कार्यकर्ता वा विज्ञको पारिश्रमिक तथा दैनिक भ्रमण भत्ता।

(ख) वास संरचना मर्मत सम्भार कार्यकर्ता वा विज्ञको यातायात खर्च ।

(ग) वास संरचना मर्मत सम्भार सामग्रीको ढुवानी खर्च ।

(घ) एक दिन भन्दा बढी समय लाग्ने भएमा मर्मत सम्भारमा खटिएका कार्यकर्ता वा विज्ञको आवास तथा खाना खर्च ।

(ङ) मर्मत सम्भार गर्नु पर्ने वास संरचना, औजार तथा उपकरणहरुको कुनै पार्टसको मूल्य ।

(च) मेडिकल फोहोर उपचारका लागि प्रयोग गरिने अटोक्लेभको बार्षिकरुपमा मर्मत सम्भार गर्न
लाग्ने खर्च ।

(छ) फोहोर तथा व्यवस्थापनमा संलग्न हुने कर्मचारीलाई प्रोत्साहन भत्ता ।

**८. कोष प्रयोग गर्न नपाइनेः** (१) यस कार्यविधिमा अन्यन्त्र जे लेखिएको भए पनि देहायको प्रयोजनाका लागि कोषको रकम खर्च गर्न पाइने छैन ।

(क) नियमित प्रशासनिक कार्यको लागि,

(ख) कुनै सरकारी, गैर सरकारी वा नीजि संस्थाका कर्मचारीलाई तलब, भत्ता वा अन्य सुविधा दिनको लागि,

(ग) कुनै सरकारी, गैर सरकारी वा नीजि संस्थाका पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको कार्यको लागि,

(घ) कुनै किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायताको लागि,

(ङ) कुनै किसिमको तालिम, अन्तरक्रिया, गोष्ठी गर्नको लागि,

(च) खानेपानी, सरसफाइ, स्वच्छता, फोहोर व्यवस्थापनका लागि प्रयोग गरिएका भौतिक संरचनाको मर्मत सम्भार बाहेकका कुनै भौतिक पूर्वाधार निर्माणको लागि,

(छ) आपत्कालीन अवस्थामा प्रतिकार्यको लागि,

(२) कोषलाई प्राप्त भएको कुनै पनि वस्तुगत सामग्री, औजार तथा उपकरण पूर्ण वा आंशिकरुपमा स्वास्थ्य संस्थाको व्यवस्थापन समिति, वास सुधार समिति वा नगरपालिकाका पदाधिकारी वा कर्मचारीको नियमित प्रयोगकालागि उपलब्ध गराइने छैन ।

## परिच्छेद ३
## कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

**९. कोषको सञ्चालन :** (१) पालिका तहको कोषको सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(२) स्वास्थ्य संस्था तहको कोषको खाता सञ्चालन सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(३) पालिकास्तरको कोषलाई प्राप्त वस्तुगत सामग्री, औजार तथा उपकरणहरुको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट हुनेछ ।

(४) स्वास्थ्य संस्थास्तरको कोषलाई प्राप्त वस्तुगत सामग्री, औजार तथा उपकरणहरुको निकासा स्वास्थ्य संस्थाका इन्चार्जबाट हुनेछ ।

(५) उप दफा (३) र (४) बमोजिम सामग्री, औजार तथा उपकरणहरुको निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनु पर्नेछ र यस्तो सामग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रुपमा समेत अभिलेख गरिनेछ ।

**१०. कोषको आयव्ययको लेखा राख्ने:** (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(२) कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको लेखा राख्ने कर्मचारीले पालिकास्तरीयमा खानेपानी तथा सरसफाइ र स्वच्छता समन्वय समिति, कार्यपालिका र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले मागेको बखत हिसाब पेश गर्नु पर्नेछ ।

(४) पालिकाको सहयोगमा गरिने मर्मत सम्भारका कार्यहरुको हिसाब तोकिएको समयमा पेश गर्नु पर्नेछ ।

**११. कोषको लेखापरीक्षणः** (१) कोषको लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुने छ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**परिच्छेद ४**

**विविध**

**१२. सशर्त सहयोग :** (१) कुनै व्यक्ति वा संस्थाले कोषमा सहयोग उपलब्ध गराउन चाहेमा त्यस्तो सहयोग प्राप्त गर्नु पूर्व स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति वा पालिकास्तरीय पालिकास्तरीयमा खानपानी तथा सरसफाइ र स्वच्छता समन्वय समितिले सहयोग स्वीकार गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्नेछ । सहयोग स्वीकार गरेको अवस्थामा मात्र रकम वा बस्तुगत सामग्री, औजार तथा उपकरणहरु कोषमा जम्मा हुनेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार वा अन्य स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व निर्णय आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सामाग्री, औजार तथा उपकरणहरुलाई तोकिएको काममा मात्र उपयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सामाग्री, औजार तथा उपकरणहरु तोकिए बमोजिमको कार्यमा उपयोग भए/नभएको सम्बन्धमा त्यस्तो सहयोग उपलब्ध गराउने व्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कोषमा सहयोग स्वरुप प्राप्त हुने बस्तुगत सहयोग सामग्री, औजार तथा उपकरणहरुको भण्डारण तथा निकासा कार्यलाई व्यवस्थित गर्न आवश्यकताअनुसार समितिले थप मापदण्ड तोकी कार्य गर्न/गराउन सक्नेछ ।

**१३. रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ्ग फण्ड) को रूपमा रहने** : (१) दफा ५ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

तर दफा १३ को उपदफा (१) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरूप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति, संस्था वा निकायले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम दफा ५ बमोजिम कोषमा आम्दानी बाँधिने रकमको अतिरिक्त वार्षिक रुपमा बजेट विनियोजन मार्फत पूनःपूर्ति गर्दै जाने गरि स्थापित कोषलाई सम्झनुपर्छ ।

(३) पालिका तहको कोषमा मौज्दात रकम पाँच लाख र स्वास्थ्य संस्था तहको कोषमा पचास हजार रूपैया भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिने छ ।

**१४. सहयोगका लागि आह्वान गर्ने :** (१) आपत्कालीन अवस्था सिर्जना भई वा वास संरचना, औजार तथा उपकरण पुरानो भइ मर्मत सम्भार गर्न पालिका र सम्बन्धित स्वास्थ्य संस्था तहको कोष अपर्याप्त भएमा दुबै समितिले सहयोग उपलब्ध गराउन अनुरोध गर्न सक्नेछन् ।

(२) सहयोगका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, सामुदायिक संघसंस्था, सहकारी, निजी क्षेत्र, गैह्रसरकारी क्षेत्र, प्रवुद्ध व्यक्ति तथा आम सर्वसाधारणलाई अनुरोध गर्न सक्नेछ।

(३) सामान्य कोष अभिबृद्धिका लागि स्वास्थ्य संस्था र पालिकाले सम्बन्धित कार्यालयमा दान पेटिका राखेर पनि सहयोगका लागि आव्हान गर्न सक्नेछन्।

(४) अटोक्लेभ सञ्चालन भइ रहेका स्वास्थ्य संस्थामा हेर्न र सिक्न आउने आगन्तुकहरुलाई पनि कोषमा रकम थप गरि दिन अनुरोध गर्न सक्नेछन्।

**१५. अभिलेख राख्ने :** (१) दुबै समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य सचिवको जिम्मामा रहनेछ।

(३) उपदफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ।

**१६. अनुगमनः** (१) नगरपालिकाको अनुगमन समितिले यस कार्यविधि बमोजिम स्थापित कोष परिचालन गरी गरेका कामको नियमित तथा आकस्मिक अनुगमन गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा नगरपालिकाको अनुगमन समितिले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ।

(३) अनुगमनका क्रममा कुनै कर्मचारीले झुठा बिल वा विवरण पेश गरी कोषको रकम उपलब्ध गराएको राहतको दुरूपयोग गरेको पाईएमा दोषी हिनामिना गरेको पाइएमा निज उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**१७. खरिद सम्वन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिमका कार्य गर्न कोषबाट गरिने खर्चहरु प्रचलित कानून बमोजिम हुनेछ। आपत्कालीन् अवस्थामा मर्मत सम्भार ठूलो मर्मत सम्भार गर्नु परेमा समितिले निर्णय गरी सोझै कोषबाट आवश्यकताअनुसार खर्च गरी संरचना एवम् सेवाहरु सूचारु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले कोषबाट सोझै खरिद गर्नु परेमा माइन्यूटमा यसरी खरिद गर्नु पर्नाको कारण र औचित्य खुलाएको हुनु पर्नेछ।

**१८. समन्वय गर्नु पर्नेः** नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुको खानेपानी, सरसफाइ, स्वच्छता, फोहोर व्यवस्थापनका संरचना, औजार तथा उपकरणहरुको मर्मत सम्भार वा नयाँ निर्माण/जडानमा सहयोग गर्न इच्छुक गैह्रसरकारी, निजी, सहकारी, अन्य क्षेत्र तथा व्यक्तिले नगरपालिकासँग आवश्यक समन्वय गरी कार्य गर्नुपर्नेछ।

**१९. प्रतिवेदन :** स्वास्थ्य संस्थाको हकमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य सचिव एवम् संस्थाका इन्चार्जले कोषमार्फत भए गरेका कार्यहरुको प्रतिवेदन समितिको मासिक बैठकमा पेश गर्नु पर्नेछ। त्यसैगरी पालिकास्तरीय खानेपानी तथा सरसफाई र स्वच्छता समन्वय समितिका सदस्य सचिवले कोषमार्फत भए गरेका कार्यहरुको प्रतिवेदन समितिको मासिक बैठकमा पेश गर्नु पर्नेछ। आवश्यकता अनुसार कार्यपालिकाले उक्त प्रतिवेदन नगर सभामा अनुमोदनका लागि पेश गर्नेछ।

**२०. थप निर्देशन दिन सक्ने :** नगर सभाले पालिकास्तरीय खानेपानी तथा सरसफाई र स्वच्छता समन्वय समितिलाई समितिको काम कारबाहीको सम्बन्धमा थप आवश्यक निर्देशन दिन सक्नेछ । त्यसैगरी पालिकास्तरीय खानेपानी तथा सरसफाई र स्वच्छता समन्वय समितिलाई समितिले सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई र सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले सम्बन्धित वास सुधार समितिलाई आवश्यकताअनुसार थप निर्देशन दिन सक्नेछन्

**२१. बाधा फुकाउने र व्याख्या गर्ने अधिकारः** यस कार्यविधिअनुसार कार्य गर्दा गराउँदा कुनै बाधा आइ परेका सो फुकाउने एवम् कुनै दफा र उपदफाको व्याख्या गर्नु परेमा सो सम्बन्धी अधिकार नगर कार्यपालिकामा सुरक्षित रहेको छ ।

**२२. कार्यविधिमा परिमार्जन तथा संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा नगर कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य संस्थाका खानेपानी, सरसफाइ र स्वच्छता (वास) संरचनाहरूको मर्मतसंभार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत